# तलकोट गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड .१ सङ्ख्या.. २० मितिः २०८१/०९/२८ गते

## भाग-१

| ऐन संख्या :- | २० |
| --- | --- |

# तलकोट गाउँपालिकाको जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८१

**गाउँसभाबाट पारित मितिः २०८१/०९/१७**
**प्रमाणीकरण मितिः २०८१/०९/२६**

प्रस्तावना,
नेपालको संविधानले प्रत्याभूत गरेको निशुल्क आधारभूत स्वास्थ्यसेवा,आकस्मिक स्वास्थ्य सेवा लगायत स्वास्थ्य सम्बन्धी नागरिकको मौलिक हकको सुनिश्चितता गर्न, स्वास्थ्यसेवालाई गुणस्तरीय, सहज र सुलभ बनाउन गाउँपालिका भित्र स्वास्थ्य संस्था स्थापना, सञ्चालन र व्यवस्थापन तथा इजाजत र अनुगमन प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउन एवं जनस्वास्थ्यसँग सम्बन्धित सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२१ बमोजिम संविधानको अनुसूची ८ र अनुसूची ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेखित स्वास्थ्य सम्बन्धी स्थानीय तहको अधिकार कार्यन्वयनका लागि कानूनी व्यवस्था गर्न तलकोट गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस ऐनको नाम "तलकोट गाउँपालिका 'जनस्वास्थ्य ऐन, २०८०" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-**
(क)'अनुगमन समिति 'भन्नाले स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्न गठित दफा ३० बमोजिमको अनुगमन तथा गुणस्तर समिति र सो अन्तर्गत बनेको प्राविधिक उपसमितिलाई सम्झनुपर्छ।
(ख) 'आकस्मिक उपचार सेवा' भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अङ्ग गुम्ने वा अशक्त हुने अवस्थाबाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनु पर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनुपर्छ।
(ग)'आधारभूत स्वास्थ्य सेवा भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिकालागि राज्यवाट सुलभ रूपमा निशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक र पुनस्थापनात्मक सेवा सम्झनुपर्छ र सो शब्दले दफा ३ बमोजिम गाउँपालिकाले थप गरेका आधारभूत स्वास्थ्यसेवा लाई समेत जनाउने छ।
(घ) 'उपाध्यक्ष' भन्नाले तलकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।
(ङ) 'ऐन' भन्नाले तलकोट गाउँपालिकाको 'जनस्वास्थ्य ऐन, २०८१' लाई सम्झनुपर्छ।
(च) 'कार्यपालिका' भन्नाले तलकोट गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनुपर्छ।
(ख) 'गैरसरकारी वा निजी स्वास्थ्य संस्था' भन्नाले प्रचलित कानून बमोजिम स्वीकृति लिई गैह्रसरकारी वा निजी वा सहकारी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ। र सो शब्दले सामुदायिक वा गुठी वा दृष्ट मार्फत सञ्चालित गैरनाफामूलक स्वास्थ्य संस्थालाई समेत जनाउँछ।
(ज) चिकित्सक तथा स्वास्थ्यकर्मी' भन्नाले प्रचलित कानून बमोजिम चिकित्सक, नर्स, स्वास्थ्यकर्मीका रूपमा सम्बन्धित परिपदमा दर्ता भएको व्यक्ति सम्झनुपर्छ।
(झ) 'जनस्वास्थ्य निरीक्षक' भन्नाले स्वास्थ्य संस्था र जनस्वास्थ्य सम्बन्धी गुणस्तर अनुगमन तथा निरीक्षण गर्न प्रचलित कानून बमोजिमको योग्यता पुगेको दफा ३१ बमोजिमको स्वास्थ्य अधिकारीलाई सम्झनुपर्छ।

(ञ) 'तोकिएको' वा 'तोकिएबमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ट)'अध्यक्ष' भन्नाले तलकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ठ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले तलकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ड)'गाउँपालिका' भन्नाले तलकोट गाउँपालिका सम्झनुपर्छ।

(ढ)'विभाग वा शाखा' भन्नाले गाउँपालिका अन्तर्गतको जनस्वास्थ्य शाखालाई सम्झनुपर्छ।

(ण) 'व्यवस्थापन समिति' भन्नाले तलकोट गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

त) 'सरकारी स्वास्थ्य संस्था' भन्नाले तलकोट गाउँपालिका क्षेत्रभित्र गाउँपालिका, प्रदेश सरकार र नेपाल सरकारले सञ्चालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम स्थापना भएका स्वसाशित सङ्गठित संस्था मातहतमा सञ्चालित प्रतिष्ठान र शिक्षण अस्पताललाई समेत जनाउँछ।

(थ) 'सेवाग्राही' भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ।

(द) 'सेवा प्रदायक' भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषद वाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने कानून बमोजिम अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउँछ।

(ध) 'स्वास्थ्य सेवा' भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी, आयुर्वेद सहित अन्य वैकल्पिक चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ।

(न) स्वास्थ्य संस्था' भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम गाउँपालिका क्षेत्र भित्र स्थापित सामुदायिक वा गैर सरकारी वा निजी वा सहकारी वा गैरनाफामूलक रूपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउँछ।

## परिच्छेद-२
## स्वास्थ्य सेवा तथा सेवा प्रदायक

**३.आधारभूत स्वास्थ्य सेवा**

(१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ।

(२) प्रत्येक नागरिकलाई देहाय वमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू निशुल्क प्राप्त हुनेछ।

(क) खोपसेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्यसेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थता को सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

झ)) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार र तलकोट गाउँपालिकाले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(२) उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले निश्चित वर्ग, समूह, लिङ्ग वा क्षेत्रका नागरिकलाई कुनै स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउन सक्नेछ।

(४) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४. आधारभूत स्वास्थ्य सेवा प्रदायकः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रम मार्फत आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ।

(२) उपदफा (१) का अतिरिक्त नेपाल सरकार, प्रदेश सरकार, र गाउँपालिकाले तोकेका स्वास्थ्य संस्थाबाट निशुल्क रूपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ।

**५. साझेदारी र सहकार्य गर्न सक्नेः** गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहका सरकारी, गैह्रसरकारी वा निजी स्वास्थ्य संस्था, निकाय तथा संघ-संस्था सँग साझेदारी गर्न सक्नेछ।

**६. विद्यालयमा स्वास्थ्य सेवा** (१) गाउँपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरूसँग सहकार्य गरी विद्यालयमा स्वास्थ्यसेवा प्रदान गर्न सक्नेछ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको मापदण्ड गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

**७. घुम्ती शिविर सम्बन्धी व्यवस्थाः** गाउँपालिका भित्र स्वास्थ्य सम्बन्धी घुम्ती शिविर सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले वडा कार्यालयसँग समन्वय र विभागको सहमति लिनु पर्ने छ।

**८. विशेषज्ञ स्वास्थ्यसेवाः** (१) गाउँपालिकाले मातहतका स्वास्थ्य संस्था मार्फत प्रचलित मापदण्ड बमोजिम विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न गाउँपालिकाले अन्य सरकारी तथा गैरसरकारी वा निजी स्वास्थ्य संस्थासँग साझेदारी गर्न सक्नेछ।

(३) स्वास्थ्य सेवामा पालिकाबासीको पहुँच पुर्‍याउन गाउँपालिकाले दुर चिकित्सा, विशेषज्ञ स्वास्थ्य शिविर, विद्युतीय स्वास्थ्य जस्ता सेवा, प्रविधि तथा प्रकृया अवलम्बन गर्न सक्नेछ।

(४) विशेषज्ञ सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**९. सेवा खरिद सम्झौता गर्न सक्नेः** गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र संचालित सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

**१०. फार्मेसी सञ्चालन गर्न सक्नेः** (१) गाउँपालिकाले पालिकावासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउने प्रयोजनको लागि छुटटै पालिका फार्मेसी सञ्चालन गर्न सक्नेछ।

(२) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था फार्मेसी सञ्चालन निर्देशिका र प्रचलित कानून बमोजिम हुनेछ।

**११ . सामाजिक सुरक्षा र स्वास्थ्य बिमाः** (१) गाउँपालिकाका सबै नागरिकलाई प्रचलित कानून बमोजिम अनिवार्य स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गराउन गाउँपालिकाले समन्वय र सहजीकरण गर्ने छ।

(२) गाउँपालिकाले महिला, बालबालिका, किशोर किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समूहका लागि विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

**१२ . विभाग र शाखा सम्बन्धी व्यवस्थाः** आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी गति विधि र जनस्वास्थ्यका कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकामा स्वास्थ्य सम्बन्धी, विभाग, महाशाखा र आवश्यकता अनुसार शाखा रहनेछ।

## परिच्छेद-३

## सेवाग्राहीको कर्तव्य र सेवाप्रदायकको दायित्व

१३. **सेवाग्राहीको कर्तव्यः** (१) आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा लिनु, नियमित स्वास्थ्य परीक्षण गराउनु, आफ्नो स्वास्थ्य अवस्था सँग सम्बन्धित यथार्थ जानकारी गराउनु र परामर्श लिनु तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रममा सहभागी हुनु प्रत्येक सेवाग्राहीको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहनु, स्वस्थ जीवन शैली अपनाउनु, नियमित योग तथा शारीरिक व्यायम गर्नु स्वास्थ्य अवस्थाको वारेमा जानकारी लिनु र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु प्रत्येक सेवाग्राहीको कर्तव्य हुनेछ।

(३) गाउँपालिकाले प्रदान गर्ने सेवा र सूचनाका बारेमा जानकारी लिनु गाउँपालिकावासीको कर्तव्य हुनेछ।

**१४. सेवा प्रदायकको दायित्वः** (१) सेवाग्राही प्रति समान, शिष्ट र मर्यादित रूपमा स्वास्थ्य सेवा प्रदान गर्नु तथा उपचार सम्बन्धी विधि र सूचना स्पष्टसँग जानकारी उपलव्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको दायित्व हुनेछ।

(२) कुनै पनि स्वास्थ्य संस्था र सेवा प्रदायकले स्वास्थ्य उपचार तथा सेवामा कसैलाई निजको उत्पत्ति, लिङ्ग, धर्म, वर्ण, जात, वर्ग, पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक अवस्था, आर्थिक अवस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न गराउन पाइने छैन।

(३) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएतापनि विरामीको स्वास्थ्य अवस्थाको गम्भीरताको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

(४) स्वास्थ्य संस्थामा उपचार तथा सेवा प्रदान गर्दा र निजको स्वास्थ्य सम्बन्धी जानकारी लिंदा सेवा ग्राहीको व्यक्तिगत गोपनीयताको हक सुनिश्चितता गराउनु सेवा प्रदायकको दायित्व हुनेछ।

(५) स्वास्थ्य संस्था र चिकित्सक तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषदले निर्धारण गरे बमोजिमका पेसागत आचरण र प्रचलित मापदण्ड तथा प्रोटोकल पालना गर्नु पर्नेछ।

(६) स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराएको स्वास्थ्य सेवासँग सम्बन्धित सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**१५. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाइने** : स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनैपनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाइने छैन।

**१६. गुनासो व्यवस्थापनः** (१) गाउँपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको सङ्कलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न विभाग  वा शाखामा एक गुनासो सुन्ने अधिकारी तोक्नेछ।

(२) सबै स्वास्थ्य संस्थाले सबैले देख्ने ठाउँमा उजुरी पेटिका राख्ने र नियमित रूपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१७. पेसागत सुरक्षा र कार्यमैत्री वातावरणः** स्वास्थ्य संस्थामा भय रहित रूपमा उपचार तथा सेवा प्रदान गर्न पेसागत सुरक्षा र कार्यमैत्री वातावरण हुनेछ।

## परिच्छेद-४

## स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन

**१८ . स्वास्थ्य संस्था सञ्चालनः** (१) निशुल्क आधारभूत स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सेवा प्रदान गर्नकोलागि गाउँपालिकाले देहायबमोजिमका स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्न सक्नेछ।

(क) अस्पताल वा आधारभूत अस्पताल

(ख) प्राथमिक स्वास्थ्य केन्द्र

(ग) गाउँपालिका स्तरीय फार्मेसी

(घ) प्रयोगशाला

(ङ) रक्त सञ्चार केन्द्र

(च) नागरिक आरोग्य केन्द्र

(छ) पुनर्स्थापना तथा सुधार केन्द्र

(ज) आधारभूत स्वास्थ्य सेवा केन्द्र

(झ) कार्यपालिकाले तोकेबमोजिमका अन्य स्वास्थ्य संस्था ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा गाउँपालिकाले जनसंख्या, भूगोल र सेवाको सहजताको अनुपातमा आवश्यकता अनुसार स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(३) गाउँपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्नति गरी सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था मार्फत प्रचलित मापदण्डको अधिनमा रही गाउँपालिकाले विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(५) गाउँपालिका क्षेत्रभित्र संचालित सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्रले अनिवार्य रूपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधी उपलव्ध गराउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमका प्रत्येक स्वास्थ्य संस्थाले प्रचलित मापदण्डको अधीनमा रही सेवा प्रदान गर्नु पर्नेछ।

(७) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा र संरचना सम्बन्धी व्यवस्था प्रचलित न्यूनतम मापदण्डको अधीनमा रही कार्यपालिकाले निर्धारण गर्नेछ।

**१९.स्वास्थ्य संस्था व्यवस्थापन समिति:**

(१) गाउँपालिकाको स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछ।

(क) स्वास्थ्य संस्था रहेको वडाको अध्यक्ष -अध्यक्ष

(ख) वडा कार्यालयको सचिव - सदस्य

(ग) गाउँपालिको सामाजिक विकास समिति हेर्ने कार्यपालिका सदस्य वा निजले तोकेको प्रतिनिधि -सदस्य

(घ) सामाजिक, स्वास्थ्य क्षेत्रमा क्रियाशील स्थानीय वासिन्दा वा विज्ञ वा स्थानीय संघ-संस्था मध्येबाट समितिले मनोनित गरेको एक महिला सहित दुईजना -सदस्य

(ङ) शिक्षा क्षेत्रमा क्रियाशील स्थानीय वासिन्दा वा विज्ञ मध्येवाट समितिले मनोनित गरेको एकजना -सदस्य

(च) स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

(२) समितिले दलित, अपाङ्गता भएका, किशोर किशोरी, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट एक-एक जना व्यक्ति र आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१)को खण्ड क र घ मा उल्लिखित पदमा एउटै व्यक्ति रहने अवस्थामा गाउँपालिका अध्यक्षबाट मनोनीत कार्यपालिकाको सामाजिक विकास समितिको एक जना सदस्यले प्रतिनिधित्व गर्नेछ ।

(३) समितिले पहिलो बैठकबाट अन्य सदस्यहरूको मनोनयन गर्नेछ।

(४) गाउँपालिका अध्यक्ष सबै स्वास्थ्य संस्थाको संरक्षक हुनेछ ।

**२०. पदावधि:**

समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले पांच वर्षको हुनेछ। तर, पदाधिकारीको पदावधि बाँकी रहदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतःसमाप्त हुनेछ।

**२१. पदावधि रिक्त हुने:**

निम्न अवस्थामा मनोनित पदाधिकारी तथा सदस्यको पद रिक्त हुनेछ।

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) विना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा,

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा।

**२२. समितिको काम कर्तव्य र अधिकार**:

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवं दिगो सेवा प्रवाहको लागि गाउँपालिकाले तर्जुमा गरेको नीति, योजना, कार्यक्रमको परिधिभित्र रही सेवा व्यवस्थापन र कार्यान्वयन गर्ने/गराउने,

(ख) सेवाक्षेत्रका जनताको स्वास्थ्य आवश्यकता लाई सम्बोधन गर्ने गरी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको कार्यान्वयन गर्ने/गराउने,

(ग) स्वास्थ्य संस्थाबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरूको लक्ष्य अनुरूप कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने,

(घ) सेवाक्षेत्र भित्रका जनसांख्यिक अवस्थाको लेखाजोखा, स्वास्थ्य समस्या र आवश्यकता को विश्लेषण, जनस्वास्थ्यको समस्याको नक्साङ्कन गरी सो अनुरूप योजना तर्जुमाका लागि गाउँपालिकासँग समन्वय गर्ने,

(ङ) स्वास्थ्य संस्थाको सवलीकरण, स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालनका लागि समुदाय र संघ-संस्थासँग साझेदारी र सहकार्य गर्ने,

(च) समुदायमा स्वास्थ्य संस्थावाट प्रदान गरिने सेवा र कार्यक्रम बारे सु-सूचित गर्ने, समुदाय र घरदैलो कार्यक्रममा सहजीकरण गर्ने,

(छ) घरदैलो सेवा, सामुदायिक स्वास्थ्य, विद्यालय स्वास्थ्य वातावरणीय स्वास्थ्य, सरसफाइ लगायतका जनस्वास्थ्यका क्रियाकलापको प्रभावकारी व्यवस्थापन र सहजीकरण गर्ने,

(ज) नेपाल सरकारबाट निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा प्रवाह र सेवाको न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने,

(झ) ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्यनजर राखी सेवाको व्यवस्थापन र कार्यान्वयन गर्ने,

(ञ) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी हरूको कामको नियमित मूल्याङ्कन गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने,

(ट) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने,

(ठ) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने,

(ड) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, जनशक्ति, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरूको नियमित पलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरू गर्ने,

(ढ)स्वास्थ्य सेवा प्रवाह गर्दा कुनै शुल्क लिनुपर्ने देखिएमा विभागसँग समन्वय गरी सोको निर्धारण गर्ने,

(ण) महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आवश्यक व्यवस्थापन गर्ने,

(त) गाउँपालिका स्वास्थ्य विभाग सँग समन्वय गरी स्वास्थ्य सेवा र अन्य कार्यक्रम कार्यन्वयन र व्यवस्थापन गर्ने।

**२३ व्यवस्थापन समितिको कोषः** (१) व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछ :

(क) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख)सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम,

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थावाट प्राप्त रकम,

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ङ) व्यवस्थापन समितिको पहलवाट प्राप्त रकम,

(च) वैदेशिक संघ, संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा जुनसुकै सहयोग रकम।

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

(४) स्वास्थ्य संस्थालाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाध्नु पर्नेछ।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

**२४. कोष तथा लेखा सन्चालनः** (१) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आय व्यय दुरुस्त राख्ने जिम्मा सम्बन्धित स्वास्थ्य संस्था अध्यक्ष र सदस्य सचिवको हुनेछ।

(२) कोषको खाता सञ्चालन कार्यालयले तोकेको सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ।

(३) खाता सञ्चालन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतमा हुनेछ।

(४) कोषखाता र खर्च खाताबाट भएको आर्थिक कारोवारको जवाफदेहिता अध्यक्ष र सदस्य सचिवमा संयुक्त रुपमा लिनुपर्नेछ ।

(५) कोषको लेखा दोहोरो लेखा प्रणालीमा आधारित भै स्वीकृत नेपाल सार्वजिनक क्षेत्र लेखामानका आधरमा राख्नपर्नेछ ।

**२५. लेखापरीक्षण र प्रतिवेदन :**

(१) व्यवस्थापन समितिले तोकिए वमोजिम आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

(२) आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षकले गर्नेछ।

(३) स्वास्थ्य संस्थाको अन्तिम लेखापरीक्षण कार्यालयले तोकेको रजिष्टर्ड लेखापरीक्षकबाट गराउनुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले हरेक आर्थिक वर्ष समाप्ती पश्चात् तीन महिनाभित्र आन्तरिक लेखापरीक्षण र पाँच महिनाभित्र अन्तिम लेखा परीक्षण गराई लेखापरीक्षण प्रतिवेदन स्वास्थ शाखामा पठाउनुपर्नेछ ।

## परिच्छेद-५
## स्वास्थ्य संस्था सञ्चालन इजाजत

**२६.इजाजतपत्र लिनुपर्नेः** (१) इजाजतपत्र प्राप्त नगरी कुनैपनि गैरसरकारी वा निजी संस्थाले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्यसँग सम्बन्धित कुनैपनि सेवा उपलब्ध गराउन पाइने छैन।

(२) देहाय बमोजिमका स्वास्थ्य संस्था सञ्चालनको लागि गाउँपालिकाबाट इजाजत पत्र लिनुपर्नेछः

(क) पच्चिस शैयासम्मको अस्पताल

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, होमियोप्याथी क्लिनिक सेवा र यस्तै प्रकारका अन्य क्लिनिकहरू

(ग) पोलिक्लिनिक, डेन्टल क्लिनिक र विशेषज्ञ क्लिनिक

(घ) औषधी पसल,

(ङ) फिजियोथेरापी केन्द्र, पुनस्थापना केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू

(च) जेरियाट्रिक परामर्श केन्द्र

(छ)प्रयोगशाला (डी र ई वर्गको।

(ज) आरोग्य केन्द्र

(झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

(३) यो ऐन जारी हुनु अघि गाउँपालिका क्षेत्रभत्र संचालित गैर सरकारी वा निजी स्वास्थ्य संस्थाहरूले गाउँपालिकाले तोकेको प्रकृति वमोजिम यो ऐन प्रारम्भ भएको छ महिना भित्र इजाजत पत्र लिन वा नवीकरणका लागि निवेदन दिनुपर्नेछ।

(४) उपदफा (२) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा अनुगमन समितिले जाँच बुझ गरी वा गराई गाउँपालिकालाई सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुगमन गर्दा मापदण्ड पूरा गरेको पाइएमा गाउँपालिकाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन सम्वन्धमा आवश्यक सर्त तोकी तोकिए बमोजिमको ढाँचामा सञ्चालन इजाजत पत्र दिन सक्नेछ।

(६) उपदफा (४) बमोजिम अनुगमन गर्दा मापदण्ड र गुणस्तर पूरा नगरेको पाइएमा गाउँपालिकाले त्यस्ता स्वास्थ्य संस्था वन्द गर्न सक्नेछ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एकमहिना भित्र गाउँपालिकाले तोकेबमोजिमको विवरण सहितको स्वमूल्याङ्कन प्रतिवेदन गाउँपालिका समक्ष पेस गर्नु पर्नेछ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिका क्षेत्रवाट अन्यत्र सार्नुपर्ने भएमा विस्तार गर्नु परेमा गाउँपालिकालाई अग्रिम जानकारी गराउनु पर्नेछ।

(९) स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति र इजाजत पत्र सम्वन्धी अन्य व्यवस्था र मापदण्ड नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्डमा आधारित रही गाउँपालिकाले तोक्नेछ।

(१०) उपदफा (९) बमोजिमको मापदण्ड नबने सम्मका लागि स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ।

(११) यस दफामा माथि जुनसुकै कुरा लेखएको भएता पनि गाउँपालिका अन्तर्गत संचालित स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन तर प्रचलित कानून बमोजिमको न्यूनतम गुणस्तर मापदण्ड भने पूरागरेको हुनु पर्नेछ।

(१२) उपदफा (३) बमोजिमको अवधि भित्र इजाजत पत्रकालागि निवेदन नदिने र तोकिएको अवधिभित्र मापदण्ड पूरानगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

(१३) स्वास्थ्य संस्था सञ्चालन अनुमति र इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२७. सिफारिस लिनुपर्ने :**(१) गाउँपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई दर्ता भई सञ्चालन हुने गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्थापना तथा सञ्चालन र नवीकरणको लागि गाउँपालिका बाट पूर्व अनुमति वा दर्ता र नवीकरण सिफारिस लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाले प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा कूल शैयाको दश प्रतिशत शैयाको संख्यामा अनिवार्य रूपमा विपन्न, असहाय र वेवारिसे लगायत लक्षित वर्गको निशुल्क उपचार गर्नु पर्नेछ।

(३) गाउँपालिका क्षेत्र भित्र स्थापना र सञ्चालन भएका स्वास्थ्य शिक्षासँग सम्बन्धित शिक्षण संस्थाले संस्था दर्ता नवीकरण पूर्व गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ।

**२८. निशुल्क उपचार सेवा उपलब्ध गराउनु पर्नेः** (१) तलकोट गाउँपालिका क्षेत्रभित्र स्थापना र सञ्चालन भएका अस्पताल तथा स्वास्थ्य संस्थाहरूले प्रचलित मापदण्ड बमोजिम कुल शैयाको १०प्रतिशतमा नेपालको जुनसुकै स्थानका विपन्न, असहाय, वेवारिसे लगायतका लक्षित वर्गका व्यक्तिलाई अनिवार्य रूपमा निशुल्क उपचार सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निशुल्क उपचार सेवा उपलब्ध गराउने अस्पताल तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापनको लागि गाउँपालिकाले छुट्टै कार्यविधि जारी गरी व्यवस्थित गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमका अस्पताल तथा स्वास्थ्य संस्थाहरूले दश प्रतिशत संख्यामा विपन्न, असहाय र बेवारिसे लगायतका लक्षित वर्गलाई निशुल्क उपचार गरे नगरेको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ।

## परिच्छेद-६

## अनुगमन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**२९. गुणस्तर र पूर्वाधारको मापदण्ड पूरा गर्नु पर्नेः** (१) स्वास्थ्य संस्थाले गुणस्तर र पूर्वाधार मापदण्ड पूरा गर्नु पर्नेछ।

(२) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड वमोजिम सेवा गुणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाले मापदण्ड नवनाउनेबेला सम्म प्रचलित कानून बमोजिमको मापदण्ड अनुसार हुनेछ।

(४) गाउँपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरूपको सेवा गुणस्तर पूरा गरेको हुनु पर्नेछ।

**३०.अनुगमन समिति :**

(१) स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न गाउँपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछ:

| | |
|---|---|
| (क) उपाध्यक्ष | -संयोजक |
| (ख) स्वास्थ्य तथा शिक्षा समिति संयोजक वा निजले तोकेको एक जना सदस्य | -सदस्य |
| (ग) अध्यक्षले तोकेको कार्यपालिका सदस्य एक जना | -सदस्य |
| (घ) अध्यक्षले तोकेको चिकित्सक र नर्सिङ प्रतिनिधि एक जना | -सदस्य |
| (ङ) अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ एक जना | -सदस्य |
| (च) गाउँपालिका स्वास्थ्य विभाग वा शाखा प्रमुख | -सदस्य सचिव |

(२) अनुगमन समितिले दफा २६ बमोजिम गाउँपालिकावाट इजाजतपत्र लिएका, गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका र गाउँपालिकाले आफै सञ्चालन गरेका प्रत्येक अस्पताल तथा स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ उपलब्ध हुन नसकेको अवस्थामा समितिले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रूपमा आमन्त्रण गर्न सक्नेछ।

(४) स्वास्थ्य संस्थाको इजाजत, नवीकरण र स्तरोन्नति प्रयोजनका लागि पूर्वाधार र सेवाको मापदण्ड पुगे नपुगेको तथा स्वास्थ्य संस्थाले मापदण्ड अनुसार काम गरे नगरेको सम्बन्धमा नियमित र आकस्मिक अनुगमन गर्न अनुगमन समिति अन्तर्गत स्वास्थ्य विभाग अध्यक्षको संयोजकत्वमा एक प्राविधिक उपसमिति रहनेछ।

(५) स्वास्थ्य संस्थाले गुणस्तर कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै बेला निरीक्षक खटाउन सक्नेछ।

(६) अनुगमनका क्रममा स्वास्थ्य संस्थाले मापदण्ड पालना गरे नगरेको, प्रचलित कानून बमोजिम प्रवाह गर्नुपर्ने स्वास्थ्य सेवा प्रवाह गरे नगरेको समेत सुपरीवेक्षण गरी मापदण्ड पालना नगरेको वा त्यस्तो सेवा प्रवाह गरेको नपाइएमा अनुगमन समितिले वस्तु स्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ।

(७) अनुगमन समिति र उपसमिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२१. जनस्वास्थ्य निरीक्षक तोक्न सक्ने** (१) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आमजनतालाई सुरक्षित राख्नकोलागि त्यस्ता गतिविधि र बस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्न गाउँपालिकाले स्वास्थ्यको कुनै कर्मचारीलाई जनस्वास्थ्य निरीक्षक तोक्न सक्नेछ।

(२) निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानून विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारबाहीका लागि सिफारिस गर्न सक्नेछ।

(३) जनस्वास्थ्य निरीक्षकको योग्यता तथा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**३२. स्वतः खारेज हुने दफा** २९ बमोजिम तोकिएको मापदण्ड पूरा नगर्ने र दफा २६ बमोजिम इजाजतपत्र नलिई वा नवीकरण नगरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूको इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ।

**३३. सेवा शुल्क निर्धारण र पुनरावलोकन** (१) गाउँपालिकाले प्रचलित कानूनको अधिनमा रही गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका अस्पताल, स्वास्थ्य संस्था र चिकित्सकीय परामर्शसेवा प्रवाह गरे वापत लिइने अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्त नगर्नु पर्ने आधार प्रष्ट खुलाई गाउँपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले सेवा शुल्कको सूची नागरिक बडापत्रमा समावेश गरी सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नु पर्नेछ।

## परिच्छेद-७

## आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य अस्पताल

**३४. आकस्मिक सेवाबाट बन्देज नगरिने** (१) गाउँपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि व्यक्ति लाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) विरामीको जीवनरक्षा गरी स्थिर अवस्थामा ल्याउने सम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एवं स्वास्थ्यकर्मी दायित्व र कर्तव्य हुनेछ।

(३) आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५. आपत्कालीन स्वास्थ्य सेवा** (१)गाउँपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदको पूर्व तयारी, जाँच पड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ।

(२) गाउँपालिकाले आपत्कालीन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद प्रति कार्ययोजना तयार गरी लागु गर्नेछ।

(३) आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्यसेवा पुर्याउन दूत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम द्रुत प्रति कार्यटोली तथा आपत्कालीन चिकित्सकीय समूहको गठन, परिचालन तथा स्रोत ञव्यवस्थापन सम्बन्धी व्यवस्था गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

**३६. आकस्मिक स्वास्थ्य सेवा कोष** (१) महामारी, विपद आकस्मिक अवस्थामा नागरिकलाई स्वास्थ्य उपचार उपलब्ध गराउन तथा विपन्न, असहाय व्यक्तिको उपचार सहायता उपलब्ध गराउन गाउँपालिकाले आकस्मिक स्वास्थ्य सेवाको स्थापना गर्नेछ।

(२) आकस्मिक स्वास्थ्य सेवा कोषको व्यवस्थापन गर्न कार्यपालिकाले छुट्टै कार्यविधि बनाउने छ।

**३७. संक्रामक रोगको व्यवस्थापनः** (१) संक्रामक रोगवाट प्रभावित भएको आशंका भएमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सो को जानकारी दिनु पर्नेछ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भइ उपचार गर्न आएमा अविलम्ब सो को जानकारी विभाग र सम्बन्धित प्रादेशिक तथा संघीय निकायलाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको दायित्व र जिम्मेवारी हुनेछ।

(३) गाउँपालिकाले रोगको प्रभाव क्षेत्र निक्योल गरी रोगको रोकथाम र न्यूनीकरणका लागि आवश्यक सतर्कता अपनाउन, जनशक्ति परिचालन गर्न र क्षती हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(४(रोगको रोकथाम र नियन्त्रणका लागि गाउँपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि गाउँपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसँग अनुरोध र समन्वय गर्नेछ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनियता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्थाको अध्यक्षको दायित्व हुनेछ।

**३८. जनस्वास्थ्य आपत्कालः** (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा गाउँपालिका अध्यक्षले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आफ्नो क्षेत्रभित्र जनस्वास्थ्य आपत्काल घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आपत्कालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयकालागि हो सो वा कुन कुन क्षेत्रमा लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपत्कालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ।

(४।जनस्वास्थ्य आपत्कालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

(५) जनस्वास्थ्य आपत्काल घोषणा भएको अवस्थामा गाउँपालिकाले जुनसुकै बखत निजी, गैह्रसरकारी, सहकारी, गैह नाफामूलक, सामुदायिक वा अन्य स्वास्थ्य सस्थालाई आवश्यक निर्देशन दिन, स्वास्थ्य संस्था सञ्चालन गर्न, त्यस्तो स्वास्थ्य संस्थावाट सम्वन्धित

स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन, साधन स्रोत परिचालन गर्न र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा गराउन सक्नेछ।

(६) गाउँपालिकाले महामारी र आपत्कालीन अवस्थामा थप अति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र सहयोगको लागि विभिन्न संघ संस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकार संग अनुरोध गर्न सक्नेछ।

(७) आपत्कालीन स्वास्थ्य अवस्थाको समयावधि, क्षेत्र लगायत अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थप घट वा हटाउन समेत सकिनेछ।

(८) जनस्वास्थ्य आपत्काल सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**३९. एम्बुलेन्स तथा शव वाहन सेवाः** (१) गाउँपालिकाले आफ्नै स्रोत र अन्य संस्थासँगको सहकार्यमा प्रचलित मापदण्ड वमोजिम एम्बुलेन्स तथा शववाहन सेवा सञ्चालन गर्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने एम्बुलेन्स तथा शववाहन सञ्चालन गर्ने संघ संस्थाले सञ्चालन अनुमतिका लागि गाउँपालिकाको सिफारिस लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन अनुमति पाएका एम्बुलेन्स तथा शववाहनले वार्षिक रूपमा गाउँपालिकामा दर्ता तथा नवीकरण गराउनु पर्नेछ।

(४) गाउँपालिकाले अन्य स्थानीय सरकार र संस्थासँगको सहकार्यमा एम्बुलेन्स सञ्जाल निर्माण गर्न सक्नेछ।

(५) एम्बुलेन्स तथा शववाहन सञ्चालन सम्वन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद-८

## जनस्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्य

**४० . वातावरणीय स्वास्थ्य** (१) गाउँपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु गाउँपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ।

(२) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा गाउँपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ।

**४१. खाद्य तथा पानीको गुणस्तरः** (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा गाउँपालिका क्षेत्रभित्र विक्री तथा वितरण हुने खानेपानी, मासु तथा खाद्यान्न लगायतका उपभोग्य वस्तुको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तह बाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्यसामग्रीका बिक्रेता तथा आपूर्तिकर्तालाई सञ्चालन अनुमति दिनेछ।

(३) गाउँपालिकाले नियमित रूपमा मापदण्ड पालना भए- नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रका खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ।

(५) गाउँपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ।

(६) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण, ओसार पसार तथा विक्री वितरणका क्रममा प्रचलित कानून बमोजिमको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नु पर्नेछ।

**४२. लागु पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणका लागि गाउँपालिका बाट छुट्टै इजाजत पत्र लिनु पर्नेछ।

(२) सुती तथा मदिरा जन्य पदार्थ उपभोग र विक्री वितरणमा न्युनिकरण तथा नियन्त्रण गर्न गाउँपालिकाले निषेधित र विकी वितरणका लागि खुल्ला क्षेत्र र समय तोक्न सक्नेछ।

(३) गाउँपालिका भित्र मदिरा, चुरोट, सुती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन प्रचार-प्रसार, प्रदर्शन तथा सूचना प्रायोजन गर्न पाइने छैन।

(४) कसैले पनि अठार वर्ष मुनिका बालवालिकालाई सुतीजन्य वा मदिरा जन्य पदार्थ विक्री वितरण गर्न, गर्न लगाउन वा उपहार लिन दिन पाइने छैन।

(५। मानसिक तथा शारीरिक स्वास्थ्यलाई असर गर्ने कुनै सामाग्री तथा सेवातर्फ आकर्षित गर्ने गरी गलत वा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन।

(६) विद्यालय, स्वास्थ्य संस्था लगायत गाउँपालिकाले सूचना प्रकाशित गरेर चारकिल्ला तोकेका स्थान र सो वरपर जंकफुड, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण, प्रचार र उपभोग निषेधित गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमका निषेधित क्षेत्रमा जंकफुड, मदिरा तथा सुर्तीजन्य पदार्थको विक्री, वितरण, प्रचार प्रसार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंकफुडको विक्री, वितरण वा प्रचारप्रसार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

स्पष्टिकरण: जंकफुड' भन्नाले अप्राकृतिक रूपमा प्रशोधित गरी तयार गरिएका खाद्य सामग्री सम्झनुपर्छ।

**४३. जनस्वास्थ्य मैत्री भवन निर्माण तथा पूर्वाधारः** (१) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भवन तथा सार्वजनिक प्रयोगमा आउने निजी भवन तथा पूर्वाधारहरू निर्माण गर्दा जनस्वास्थ्यमैत्री हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको भवन तथा पूर्वाधार निर्माणको लागि स्वास्थ्य आचारसंहिता तथा मापदण्डको पालना गर्नु पर्नेछ।

(३) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रवर्धनलाई ध्यानमा राखेर निर्माण गर्नुपर्नेछ। नयाँ बन्ने सडक र पुराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकता अनुसार फुटपाथ र साइकललेनको उचित प्रबन्ध मिलाउनु पर्नेछ।

(४)गाउँपालिकाले कुनैपनि भौतिक निर्माणको कार्य गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्य मापन गर्न सक्ने प्रभावको मूल्यांकन गर्न सक्नेछ। यस्तो मूल्याङ्कनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्ने देखिएमा त्यस्तो प्रभावन्यूनिकरण गर्ने विधिवाट निर्माण गर्नु पर्नेछ।

(५) गाउँपालिकाले योजना बनाई गाउँपालिका क्षेत्र भित्र स्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेल स्थल, मनोरञ्जन स्थल, पैदल हिड्ने मार्ग, साइकललेनको व्यवस्था, सार्वजनिक खुल्ला स्थान तथा पार्कको निर्माण र सरक्षण गर्नेछ।

## परिच्छेव-९

## प्रेषण, अभिलेखन र स्वास्थ्य सूचना प्रणाली

**४४. प्रेषण तथा उपचार प्रणालीः** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारकोलागि आएको विरामीलाई आफ्नो स्वास्थ्य सस्थामा उपलब्ध सेवा प्रदान गरी उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा समन्वय गरी प्रेषण गर्नु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले प्रेषण गरिने संस्थाको पूर्व पहिचान गरि सो को अध्यावधिक सूची राख्नु पर्नेछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चिता गरी मात्र पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अध्यावधिक गरी राख्नु पर्नेछ।

(५) यस दफा बमोजिम प्रेषण गर्दा स्वास्थ्य संस्थाले आफुले उपलव्ध गराएको उपचार पद्दति समेत सर्वसाधारणले बुझिने गरी प्रेषण पुर्जामा उल्लेख गर्नु पर्नेछ।

(६) प्रेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४५. स्वास्थ्य संस्था सूचना प्रणालीः** (१) स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवा सम्बन्धी सम्पुर्ण तथ्याङ्कहरू नियमानुसार अभिलेख नगरी र तोकिएको समयभित्र स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य रूपले प्रविष्ट गर्नु पर्नेछ।

(२) विरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक वडापत्र स्वास्थ्य संस्थाको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरू सुनिश्चितता गर्नु पर्नेछ।

(३) स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्नेछ।

(४) स्वास्थ्य संस्था भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कलको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नु पर्नेछ।

(५) प्रहरी, दमकल, एम्बुलेन्स जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरू स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

**४६तथ्याङ्क सङ्कलनः** (१) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी विस्तृत तथ्याङ्क र अभिलेख सङ्कलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ र सो अनुरूप अनलाइन मार्फत स्वास्थ्य सेवा प्रदान गर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रूपमा राख्नु पर्नेछ।

(३) विभागले स्वास्थ्य सम्बन्धी सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ।

**४७. सर्वेक्षण गर्न सक्ने**:

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको स्वास्थ्य अवस्था र प्रणालीको वस्तु स्थिति बुझ्न र सो अनुरूपको योजना तर्जुमा गर्न आवधिक रूपमा स्वास्थ्य सर्वेक्षण तथा अध्ययन गर्न सक्नेछ।

**४८. जानकारी पाउने हक:**

विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ। निज तत्काल जानकारी लिन नसक्ने अवस्थाको भएमा निजको परिवारको सदस्य वा संरक्षकलाई जानकारी दिनु पर्नेछ।

**४९.गोपनीयताको हक:**

स्वास्थ्य अवस्थासँग सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनीयताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवार प्राप्त स्वास्थ्यकर्मीको दायित्व हुनेछ।

**५०. सबैको दायित्व हुने :**

स्वास्थ्य सेवा तथा सुविधाको पहुँच वृद्धि गर्न गाउँपालिकाबाट जारी भएको जनस्वास्थ्य सम्बन्धी कानूनी व्यवस्थाको परिपालना गर्नु गराउनु सबै व्यक्तिको दायित्व हुनेछ।

**५१. स्वास्थ्यसेवा सम्बद्ध तालिम कार्यक्रम सन्चालन हुने:** (१) गाउँपालिकाले स्वास्थ्य सम्वद्ध विभिन्न विषयमा आधारित तालिम कार्यक्रमहरू सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने तालिममा सहभागीहरूकोलागि प्रमाण पत्र जारी गरिनेछ।

## परिच्छेद-१०
## कसूर, जरिवानारक्षतिपूर्ति

**५२. कसूर गरेको मानिनेः** कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ:-

(क) दफा२६ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ)दफा १४ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा १४ को उपदफा (४) बमोजिम गोपनीयता कायम नगरेमा,

(च)स्वास्थ्य कर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानी जानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा ४१ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा ४२ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) दफा २८ बमोजिम १० प्रतिशत शैयामा निशुल्क उपचार प्रदान नगरेमा

(ढ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्याविधि विपरितको अन्य कुनै कार्य गरेमा।

**५३. सजाय तथा जरिवानाः** (१) दफा ५२ को खण्ड (क) बमोजिमको कसूर गरेमा पचास हजार देखि तीन लाख रूपैया सम्म जरिवाना गरी तत्काल इजाजत प्राप्त गर्न निर्देशन दिनु पर्नेछ।

(२) दफा ५२ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज)।क), (ञ), (ड), (ठ) र (क) बमोजिमको कसूर गरेमा गाउँपालिकाले तत्काल पच्चीस हजार देखि एक लाख रूपैया सम्म जरिवाना गर्न सक्नेछ।

(३) खण्ड (ड) बमोजिमको पहिलो पटक कसुर गरेमा अस्पताल तथा स्वास्थ्य संस्थालाई सचेत गराउने, सो को अटेर गरी पुनः कसुर गरेमा गाउँपालिकाले उपलब्ध गराउने सेवा बन्द गर्ने, तेस्रो पटक कसुर गरेमा पाँच लाख रूपैया सम्म जरिवाना गर्ने र चौथो पटक समेत सोही कसुर गरेमा इजाजत पत्र रद्द गर्न सिफरिस गर्ने र मनासिव समय भित्र इजाजत रद्द नभएमा स्वास्थ्य संस्थाको प्रशासनिक सेवा बन्द गर्न सक्नेछ।

(४) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**५४ सजाय गर्ने अधिकारी** दफा ५३ को उपदफा (१) (२) र (३) को सचेत गराउने र गाउँपालिकाले उपलब्ध गराउने सेवा बन्द गर्ने हद सम्मको सजाय गर्ने अधिकार विभाग वा शाखा प्रमुखलाई र सो भन्दा बढी सजाय अध्यक्षको रोहबाट हुनेछ।

**५५. क्षतिपूर्ति दिनु पर्ने** (१) गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित

व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति पश्चात गाउँपालिका वा सम्बन्धित निकायवाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानी नोक्सानी पुर्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई न्यायिक समिति मार्फत मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**५६. पुनरावेदन दिन सक्ने**: दफा ५२ बमोजिम गरेको जरिवाना उपर चित्त नवुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

**५७. सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्ने** : प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने गरी विशेष सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूलाई प्रोत्साहित गर्न गाउँपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

## परिच्छेव-११
## विविध

**५८. अधिकार प्रयोग गर्न सक्नेः** यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकार हरू कार्यपालिकाले प्रयोग गर्न पर्नेछ।

**५९. तालिम सन्चालन गर्ने :** गाउँपालिकाले जनस्वास्थ्य सँग सम्बन्धित पाठ्यक्रम विकास गरी समय समयमा तालिम प्रदान गर्न सक्नेछ र सो को अनुगमन समेत गर्ने छ।

**६०. प्रचलित कानून बमोजिम हुने**: यस ऐनमा तोकिए जति विषय यसै ऐन बमोजिम र यस ऐन मा नतोकिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**६१. अधिकार प्रत्यायोजन गर्न सक्ने :** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार स्वास्थ्य विभाग वा शाखामा प्रत्यायोजन गर्न सक्नेछ।

**६२. नियम बनाउन सक्ने** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम स्थानीय राजपत्रमा प्रकाशन नभएपछि लागु हुनेछ।

**६३. मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेः** यस ऐन र ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

आज्ञाले
यादव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत